म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २५१ बुधबार ७ बैशाख २०७९ चतुर्थी ने. सं. ११४२ चिल्लाथ्व 20 April, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

स्वदेशी उत्पादन, उद्योग र व्यवसायलाई प्रवर्द्धन गरौं ।

- स्वदेशी उत्पादनको प्रयोगमा जोड दिऔं,
- स्वदेशी उद्योग व्यवसायलाई प्रोत्साहन र प्रवर्द्धन गरौं,
- रोजगारीको श्रृजना हुनेखालका उद्योग व्यवसाय खोलौं,
- युवा जनशक्तिलाई विदेशिनबाट रोकौं,
- बिलासिताका वस्तुको प्रयोगमा कमी गरौं,
- फजुल खर्च नगरौं,
- देशको अर्थतन्त्रमा योगदान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मेयर नपाए गठबन्धन छोड्ने कांग्रेस नगर समितिको निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, ६ वैशाख/ नेपाली कांग्रेस हेटौंडा उपमहानगर समितिले आगामी स्थानीय तहको निर्वाचनमा गठबन्धन गर्दा हेटौंडाको मेयर नपाए गठबन्धनमा सहभागी नहुने निर्णय गरेको छ ।

मकवानपुरमा सत्ता साझेदार पाँच दलीय गठबन्धनबीच भागबण्डामा सहमति हुन नसकेको अवस्थामा कांग्रेस नगर समितिले नगरको हकमा मित्रवत् प्रतिस्पर्धा मात्रै गर्न सकिने निर्णय गरेको हो ।

मकवानपुरमा कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी र राष्ट्रिय जनमोर्चाबीच गठबन्धन बनाएर आगामी ३० वैशाखमा हुने स्थानीय तहको निर्वाचनमा जाने सहमति बनेको छ । गठबन्धन गरेर अघि बढ्ने पाँच दलबीच सहमति भएपनि हालसम्म भागबण्डा मिल्न सकेको छैन । हेटौंडा उपमहानगरको नेतृत्व छोड्न नसक्ने बताइरहेको कांग्रेस सामू एकीकृत समाजवादीले पनि मेयरमा दाबी गरिरहेको छ ।

केन्द्रीय गठबन्धनको बैठकमै हेटौंडाको नेतृत्व गठबन्धन दलमध्ये एकीकृत समाजवादीलाई दिने चर्चा चलेका बेलामा मंगलबार बसेको नगर समिति बैठकले कांग्रेसले मेयर नपाए गठबन्धन नै नगर्ने चेतावनीसहितको निर्णय गरेको हो । नेपाली कांग्रेस नगर सभापति उत्सव इटेनीले मेयर नपाए गठबन्धनमा सहभागी नहुने निर्णय गरेको जानकारी दिए । इटेनीले मेयर र बहुमत वडा कांग्रेसले पाएमात्रै गठबन्धन गर्ने निर्णय गरेको जानकारी दिए । 'हामी मेयर र बहुमत वडा पाएमात्रै गठबन्धन गर्छौं । गठबन्धनका अन्य दल हामीलाई नेतृत्व दिने गरी सहमतिमा आएमात्रै गठबन्धन अघि बढ्छ । नत्र हामी एक्लै निर्वाचन लड्छौं', इटेनीले भने ।

बैठकमा सहभागी हेटौंडा नगरका १९ वडाका सभापतिहरुले मेयर पद अरुलाई छोड्न नसक्ने भन्दै उम्मेदबारको हकमा सबै कुरा स्वीकार गर्न सकिनेमा जोड दिएको इटेनीले जानकारी दिए । नगरमा गठबन्धनका अन्य दलभन्दा कांग्रेसको प्रभाव बलियो रहेकाले मेयर नै लिनुपर्नेमा केन्द्रीय नेतृत्वको ध्यानाकर्षणसमेत गराएका छन् ।

'जनाधार बलियो भएको बेला अन्य दललाई मेयर पद जिम्मा दिनु हुँदैन भन्नेमा पार्टीभित्र एकमत छ । नेतृत्व तहले यसबारे तल्लो तहसँग समन्वय गरेर उपयुक्त निर्णय लिनुपर्नेमा बैठकको माग छ', इटेनी भन्छन् । गत निर्वाचनको मत परिणाम अनुसार हेटौंडामा एमालेपछि दोस्रो ठूलो दल कांग्रेस हो ।

एमालेले हेटौंडाको मेयर र उपमेयरसहित १२ वटा वडा जित्दा कांग्रेसले पाँचवटा र माओवादीले दुईवटा वडा जितेको थियो । कांग्रेसका मेयर पदका उम्मेदवार आनन्दराम पराजुली एमालेका हरिबहादुर महतसँग पराजित भएका थिए । कांग्रेसबाट पुनः पराजुलीकै चर्चा छ ।

सोमबार बसेको कांग्रेस नगर समितिको बैठकले पराजुलीसहित उत्सव इटेनी र लक्ष्मी श्रेष्ठको नाम क्षेत्रीय समिति र जिल्ला समितिमा सिफारिस गर्ने निर्णय गरेको छ ।

हेटौंडाको मेयरलाई लिएर जिल्लास्तरीय गठबन्धनमा सहमति हुन सकेको छैन । मेयरमा एकीकृत समाजवादीले दाबी गरेपछि कांग्रेसको संयोजनमा बस्दै आएको जिल्लास्तरीय गठबन्धनको बैठक पनि अनिश्चित बन्दै आएको छ ।




कांग्रेस नगर समितिको निर्णयपछि जिल्लामा खैलाबैला मच्चिएको छ । नगर समितिको निर्णयको सम्बन्धमा जिल्ला समितिका पदाधिकारीहरुले घुमाउरो तरिकाबाट असन्तुष्टि व्यक्त गरेका छन् । तर, कांग्रेस जिल्ला समितिले यसबारे कुनै औपचारिक धारणा दिइसकेको छैन ।

कांग्रेस जिल्ला सचिव ईश्वर पाठकले नगर समितिको निर्णयको सम्बन्धमा केही प्रतिक्रिया नदिने र आज बुधबार जिल्ला समितिको बैठकपछि औपचारिक धारणा आउने बताए । कांग्रेस जिल्ला सचिव भीमसेन महतले विज्ञप्ति जारी गर्दै पार्टीभित्रको गुट-उपगुटको नाममा कार्यकर्तालाई नैराश्यकता ल्याउने गतिविधिप्रति गम्भीर असहमति जनाएका छन् ।

हेटौंडाको मेयर दाबी गरिरहेको एकीकृत समाजवादीकी जिल्ला उपाध्यक्ष तथा वर्तमान उपमेयर मिनाकुमारी लामाले गठबन्धन पद प्राप्तिका लागि मात्र नभई संविधानको रक्षाका लागि भएको कुरा बुझ्न आग्रह गरिन् । गठबन्धन गर्दा सबै पार्टीले केही गुमाउनु र केही पाउने कुरा हुँदा गठबन्धनको मूल मर्मलाई बुझ्नु पर्नेमा जोड दिइन् । कांग्रेस वा एकीकृत समाजवादीले पार्टीको निर्णय मानेर अघि बढ्नुपर्ने उनको भनाइ छ । 'संविधान जोगाउन र सरकार बनाउन कांग्रेसलाई हामीले सहयोग गरेका हौं । निर्वाचनमा त्यो सहयोगको मूल्याङ्कन हुनुपर्छ ।'

कांग्रेसभित्र पनि दाबी रहनु स्वभाविक हो । गठबन्धन बनेर अघि बढेपछि पार्टीको निर्देशन मान्नु पर्छ', लामाले भनिन्, 'कांग्रेसको माग जायज हुन सक्छ । तर, गठबन्धनको मर्मलाई बुझेर अगाडि बढ्नुपर्छ ।'

मकवानपुरको १० स्थानीय तहमध्ये हेटौंडासहित अन्य तीन पालिका र वडामा गठबन्धन दलबीच सहमति जुट्न सकेको छैन । मनहरी, मकवानपुरगढी र भीमफेदी गाउँपालिकामा सहमति जुटेको छैन । मनहरीमा कांग्रेस, माओवादी र एकीकृत समाजवादीले दाबी गरिरहेको छ भने भीमफेदी र मकवानपुरगढीको अध्यक्षमा कांग्रेस र माओवादीले दाबी गरेको छ ।

# दक्ष जनशक्ति उत्पादन गर्नुपर्छः *मन्त्री मोक्तान*

साझाकुरा संवाददाता

हेटौंडा, ६ वैशाख/ बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानले दक्ष जनशक्ति उत्पादनमूलक कार्यक्रमहरु संचालन गर्नुपर्ने बताएकी छन् ।

राष्ट्रिय बहिरा महासंघ नेपालद्वारा मंगलबार हेटौंडामा आयोजित बहिरामैत्री सेवा प्रवाहका लागि सरकारी तथा सरोकारवाला निकायसँग अन्तरक्रियात्मक कार्यक्रममा बोल्दै उनले यस्तो बताएकी हुन् ।



मन्त्री मोक्तानले जनताको आवश्यक्ता र मागअनुसारको जनपक्षीय बजेट र कार्यक्रम ल्याउने दाबी पनि गरेकी छन् । चालु आवको बजेट तथा कार्यक्रमहरु छिटो र प्रभावकारीरुपमा कार्यान्वयन गर्न आग्रह गर्दै उनले विगतका प्रभावकारी कार्यक्रम र नयाँ बजेटका लागि सुझाव पनि माग गरिन् ।

अपाङ्गता भएकाहरुको क्षमता अभिबृद्धिमूलक कार्यक्रममात्र नभई दक्ष जनशक्ति उत्पादनमूलक कार्यक्रमहरु संचालन गर्नुपर्नेमा जोड दिँदै उनले अपाङ्गता भएकाहरुले छिटो र सहजरुपमा सूचना लिन पाउने व्यवस्था गर्न आफूले पहल गर्नेमा जोड दिइन् ।

पछाडि पारिएका समुदायको हकअधिकार बृद्धि गर्न ऐन, कानून बनाउँदा सम्बन्धित सरोकारवालाको सहभागिता र सुझावलाई उच्च प्राथमिकता दिएको उनको भनाइ छ ।

कार्यक्रममा नेकपा (माओवादी केन्द्र)का बागमती प्रदेश सांसद प्रेमबहादुर पुलामी, एकीकृत समाजवादीकी प्रदेश सांसद मुनु सिग्देल, सामाजिक विकास मन्त्रालयका सचिव श्रीकृष्ण नेपाल, आन्तरिक मामिला तथा कानून मन्त्रालयकी कानून अधिकृत उषा गौतम, हेटौंडा उपमहानगर पालिकाका महिला तथा बालबालिका महाशाखा प्रमुख जगन्नाथ सापकोटा लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

राष्ट्रिय बहिरा महासंघ बागमती प्रदेशका अध्यक्ष विष्णु पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय बहिरा महासंघ नेपालका महासचिव सन्तोष केसीले प्रस्तुतीकरण गरेका थिए ।

## कांग्रेस थाहा नगर समिति सचिव मुक्तानको निधन

साझाकुरा संवाददाता

हेटौंडा, ६ वैशाख/ नेपाली काँग्रेस थाहा नगर कार्य समितिका सचिव भीमसेन मुक्तानको निधन भएको छ ।

केही समयदेखि बिरामी रहेका मुक्तानको सोमबार राति मृत्यु भएको हो । मकवानपुरको थाहा नगरपालिका वडा नं. ७ चौवास निवासी मुक्तानको अबस्था गम्भीर बनेपछि सोमबार राति काठमाडौं लैजाने क्रममा बाटोमा नै निधन भएको जनाइएको छ ।

नगर कार्यसमितिका सचिव मुक्तानको निधनप्रति काँग्रेस थाहा नगर समितिले दुःख व्यक्त गर्दै मुक्तानले पार्टी र समाजमा पुऱ्याउनुभएको योगदानको स्मरणीय भएको जनाएको छ ।

३६ वर्षीय मुक्तानको निधनले पार्टीलाई अपुरणीय क्षति पुगेको भन्दै काँग्रेस थाहा नगर सभापति प्रमोदकृष्ण जोशीले सचिव मुक्तानप्रति श्रद्धान्जली र परिवारजनमा समवेदना व्यक्त गरेका छन् ।

कर्मचारी आवश्यकता

यस हिडम्बा अटो प्रा.लि.(महिन्द्रा एण्ड महिन्द्राको डिलरको) लागि लेखापाल आवश्यकता भएको हुँदा निम्न लिखित, योग्यता भएको ईच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

१. अनलाईन बिलिङ्ग सम्बन्धि ज्ञान भएको
२. योग्यता : Batchlor Clear
३. कर, सम्बन्धि ज्ञान भएको
४. तलब सुविधा : आपसी समझदारीमा

कम्प्युटर सम्बन्धि दक्ष भएको हुनु पर्ने छ ।

सम्पर्कः हिडम्बा अटो प्रा.लि.
अफिस समयमा विहान ९ बजेदेखि ५ बजे साँझसम्म
हेटौंडा-१, चौकिटोल, ९८४५६०४३९३, ९८४५०२५९९७, ९८४५८२९०१५, ०५७-५२२००७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:
☞कार वास भित्र/बाहिर
☞वाइरिङ मर्मत
☞A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ

YADEA
e-SCOOTERS






Offer
रू.१०,००० I-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
☞Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
☞Full Charge ले १०० किमी कुद्ने ।
☞२००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
☞ट्यूबलेस टायर ☞ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

# मिटर ब्याजमा ऋण लिनु रहर कि बाध्यता ?

ऋण लिनु बाध्यात्मक अवस्था हो । आफूसंग भएको स्रोतबाट आवश्यक्ता परिपूर्ति हुन नसकेपछि ऋण लिने गरिन्छ । धेरै पहिला गाउँका साहु महाजनबाट चर्को ब्याजमा पैसा लिनुपर्ने बाध्यताबाट मुक्त गर्न सहकारीलगायत बैंक तथा वित्तीय संस्थाहरु खुले । तर, वित्तीय संस्थाहरुसंग पनि तरलता अभाव हुँदा र बैंकको आवश्यक प्रक्रिया धेरै झन्झटिलो हुँदा मानिसहरुले आफूले चाहेअनुसार ऋण पाउन सकिरहेका छैनन् । मानिसहरु फेरि पुरानै ढर्रामा फर्केर व्यक्तिसंग असुरक्षित ढंगबाट आर्थिक कारोबार गर्न थालेका छन्, जसलाई अहिले 'मिटर व्याज'को संज्ञा दिइन्छ । कुनैपनि व्यक्तिलाई आपत पर्दा चर्को ब्याजमा व्यक्तिबाट ऋण लिनेहरु यतिखेर समस्यामा परेको खबर बाहिरिएको छ ।

हेटौंडा-५ का दिनेश केसीले यस्तै समस्यामा परेका दर्जनौं व्यक्तिहरुलाई मिटर ब्याजमा ऋण लगानी गरेर चाहिनेभन्दा बढी ब्याज असुल गरेको समाचार बाहिरिएको छ । मिटर ब्याजमा पैसा सापट दिँदा दिएको पैसाभन्दा बढी रकम उल्लेख गरेर तमसुक बनाउने, उक्त पैसा तिरे पनि तमसुकमा नजनाउँदा जस्ताको तस्तै तिर्नुपर्ने देखिने र उक्त रकम असुलउपर गर्न अदालतसम्मको बाटो तताउने गरेका कारण धेरै ऋणीहरु चपेटामा परेका छन् । लिएको पैसा तिरिसक्दा पनि गतिलो तरिकाले कागज नगर्ने, मनलाग्दी ब्याजदरमा पैसा लिने र क्रमश: तिर्दै गएको हिसाब दुरुस्त नराख्दा ऋणीहरु झन् पीडा थपिएको बुझिएको छ ।

मिटर ब्याजमा पैसा लिँदा जे-जस्तो कागज गर्न तयार हुने र पैसा तिर्ने बेलामा भरपर्दो तरिकाले तिर्दै नजाने गरेका कारण पनि धेरै समस्या परेको देखिन्छ । दैनिक व्यापार गर्नेहरुको लागि सहज लगानीको दृष्टिले मिटर ब्याज एक हद्सम्म ठीक होला । तर, लामो समयको लागि गरिने लगानीको लागि मिटर ब्याजको ऋण पक्कै ठीक होइन । मिटर ब्याजमा पैसा सापट लिनु आफैंमा बाधात्मक अवस्था हो । त्यसैले बाध्यात्मक अवस्थामा ऋण लिएर छोटो समयमै ऋण चुक्ता गर्न सके यो धेरै ठूलो समस्या नहुन सक्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ वैशाख ८ गते बिहीबार २१ अप्रिल २०२२ । वैशाख कृष्ण पञ्चमी । चौलाध्व पञ्चमी ११४२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सानातिना अवरोध आइरहनेछ | तुला | : मनलाई नियन्त्रण गर्नुपर्नेछ |
| वृष | : मित्रसंग विवाद हुन सक्नेछ | वृश्चिक | : आफन्तको सहयोग मिल्नेछ |
| मिथुन | : भेटघाटमा समय बित्नेछ | धनु | : यात्राको लागि राम्रो समय छ |
| कर्कट | : सम्पत्तिको खचपच हुनेछ | मकर | : सोचेजस्तो सहयोग मिल्नेछैन |
| सिंह | : सुखभोगको समय रहेकोछ | कुम्भ | : समय पूजापाठमा बित्नेछ |
| कन्या | : आर्थिक लाभ मिल्नेछ | मीन | : व्यापारबाट फाइदा हुनेछ |

# निर्वाचन अभियानमा दलहरु



पविता मुडभरी पुडासैनी

'घर-घर जाऔं कांग्रेस जिताऔं' नाराका साथ स्थानीय तहको चुनावी अभियानमा जुटेको कांग्रेस पार्टीले केही दिनअघि काठमाडौंमा आयोजना गरेको एक कार्यक्रममा मतदाताका घर-घरमा गएर सम्झाई-बुझाई आफ्नो पक्षमा पार्ने र चुनाव जित्ने विषयमा लामो समय छलफल चल्यो । स्थानीय नेता-नेतृहरुमध्ये केहीले कांग्रेसले विगतमा गरेका राम्रा कार्यहरु र आगामी दिनमा नागरिकका हितमा गर्ने कार्यहरुबारे मतदातालाई बुझाउनुपर्ने जिकिर गरे भने कसैले ठूलो विरोध र विग्रहका बाबजुद पनि कांग्रेसले संसद्मा पारित गरेको एमसीसीबारे नागरिकका भ्रम चिर्नुपर्ने जिकिर गरे ।

कसैले कांग्रेसले विगतमा राम्रा काम गर्दागर्दै पनि कम्युनिस्टले जस्तै अनर्गल आश्वासन बाँड्न नसक्दा अघिल्लो चुनावमा हार खानुपरेको जिकिर गरे भने कसैले ओली नेतृत्वको सरकारबाट भएका भ्रष्टाचार, अनियमितता र दम्भको निशाना संसद् विघटनसम्म पुगेको यथार्थ उजागर गर्नुपर्ने मनसाय व्यक्त गरे । कांग्रेसका सभापति तथा वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाले स्थानीय तहदेखि नै चुनावी अभियानमा निस्कँदा नेता-नेतृ तथा कार्यकर्ताहरुले अर्को दललाई हेप्ने, होच्याउने र गाली गर्ने काम नगर्न र कसैलाई चित्त दुख्ने गरी केही नबोल्न यसअघि नै निर्देशन दिइसकेका छन् ।

वास्तवमा कम्युनिस्ट शासनबाट आजित, आतंकित, भयभित र पीडित जनतालाई केपी ओली नेतृत्वको सरकारका कमी-कमजोरीबारे बताइरहन परोइन । कांग्रेसले जनमत बटुली चुनाव जित्नका लागि अब कोही कसैको दुरोह र दुत्कार गर्नै पर्दैन । सबैजसो दलहरुले अघिल्ला सरकार र त्यस आसपास रहेर आ-आफ्नो राजनीतिक औकात र विद्रुप रुप देखाइसकेका छन् ।

सफलताका साथ अघिल्लो चुनाव गराएर सहयोगी र शालीन प्रतिपक्षको भूमिका निभाउँदै संसद् विघटनपछि भताभुंग बनेको सरकार सम्हालेर आगामी चुनाव गराउन सक्षम भई हाल चुनावी अभियानमा होमिदासम्मको क्रियाकलाप, चरित्र र भद्रताले मतदातासामु कांग्रेसको ओज र उचाइ बढेको छ । अब जनतालाई मत दिन प्रेरित गर्ने नागरिक मुद्दाको उठानतर्फ कांग्रेस मोडिनुपर्छ र चुनावी अभियानमा कांग्रेसले सक्दो संयमता र भद्रता नै प्रस्तुत गर्नुपर्छ ।

एमाले अध्यक्ष ओलीको झैं विपक्षीलाई सत्तोसराप गर्ने अनि उसकै कार्यकर्तालाई आफ्नो पार्टीमा प्रवेश गराउन मरिहत्ते गरी संगठन विस्तार गर्न कांग्रेसले झुत्ती खेल्नै पर्दैन । कांग्रेसले उद्योग धन्दा मासेर देशमा बेरोजगारीको लाम लगायो भन्दै विगतमा जनमत बटुलेको एमालेले दुई तिहाइ जनमत पाई पाँचबर्से सरकारको अभिभारा पाउँदा पनि एउट उद्योग खोल्न नसकी दलभित्रकै रडाकोले पाँचबर्से कार्यकाल पूरा नहुँदै संसद् विघटन गरी देशलाई अस्थिर र अराजकतातर्फ धकेलेको दृश्यका साक्षी हुन् आम नागरिक । सरकारमा रहुन्जेल नागरिकको मन तान्ने गरी कुनै काम नगरेको र उल्टै महँगी, बेरोजगारी, राजनीतिक अस्थिरता र अन्योल बढाएको एमालेको विगतको जनमत पनि अब कांग्रेसतिरै ढल्कनेमा शंका छैन । कम्युनिस्टहरुले आफ्नो सक्कली अनुहार त एमसीसी पारित गराउँदा फैलाएको अफवाह र अनर्गल प्रचारप्रसारले समेत देखाइसक्यो । समृद्धिका नाउँमा मुलुकलाई खोक्रो अर्थतन्त्र भिराउने कम्युनिस्टले अब जनताबाट दण्डभागी हुने समय आउँदो चुनाव नै हो ।

कांग्रेसले जनहितका कार्य गरे कम्युनिस्टले जस्तो भोट बढाउन आश्वासन र भुटा गफ गरी जनता झुक्याउनुपर्दैन । राज्यकोषलाई भार पर्ने गरी मनपरि सेवा-सुविधाको घोषणा गर्नै पर्दैन । चुनावका समयमा जनतालाई झुटा आश्वासन बाँडेर राष्ट्रिय ढुकुटी रित्याउने र देशलाई कमजोर बनाउने काम कांग्रेस नेतृत्वको सरकारले नगरोस् भन्ने चाहना जनताको छ । गएको चुनावमा कम्युनिस्टहरु चुनाव जित्न देशले धान्नै नसक्ने आवश्वासन बाँडे । तर मस्ती आफैँले मात्र गरे, जनतालाई महँगी र करको भार थोपरे ।

भ्युटावर, मन्दिर, स्वागतगेट, जलहरी, आमसभा, भाषण, भ्रमणलगायत अनावश्यक र अनुत्पादक क्षेत्रमा सरकारी कोषको जथाभावी खर्च गरी राष्ट्रिय ढुकुटी रित्याउने काम भयो । त्यसकै परिणामस्वरुप अहिले अर्थतन्त्र कमजोर हुँदा विपक्षीको उछितो कटाएर जनताको मत माग्न गाउँ-गाउँ पुगिरहेका छन् । कालो पोतिएको अनुहार बोकेर एमाले अध्यक्ष केपी ओली पाँच दलको गठबन्धनलाई पनि हराइछाड्ने भाषण गर्दै छन् । कम्युनिस्टले खोक्रो बनाएको ढुकुटी सम्हाल्न पुगेको कांग्रेसले कम्युनिस्टकै सिको नगरोस् । कम्युनिस्टको जस्तो सिद्धान्त एकातिर र व्यवहार अर्कोतिर गर्न देशको मियो बन्ने जिम्मेवारी पाएको कांग्रेसलाई सुहाउँदैन । एक वर्षभित्रै तिनै तहको निर्वाचन गर्नुपर्ने कांग्रेस नेतृत्वको सरकारसँग जनताका व्यक्तिगतभन्दा राष्ट्रहित र समुन्नतिका सवालमा धैरै आशा र अपेक्षा गाँसिएका छन् ।

बहुमतको शासन सञ्चालनको अभिभारा पाएको कम्युनिस्ट सरकारले देशमा कतिवटा उद्योग खोल्यो ? कति नागरिकलाई रोजगारी दिलायो ? नागरिकलाई सस्तो र सर्वसुलभ सेवा-सुविधा के-के उपलब्ध गरायो ? देशको अर्थतन्त्र कति उकास्यो भनेर नियाल्ने हो भने मन चिमोटिन्छ । फदय भक्कानिन्छ । भ्रष्टाचार र अनियमितताले देश खोक्रो पारेर निर्वाचनमा होमिएको एमाले पार्टी र त्यसको नेतृत्वले नागरिकसँग फेरि मत माग्ने आधार के ? विदेशी ऋणको भारी जनतालाई बोकाएर विदेशी मुद्राको सञ्चिति शून्यमा झारेर अर्थतन्त्रमा जताततै भ्वाङ पार्ने कम्युनिस्ट सरकार अझै पनि जनतालाई ढाँटेर, छलेर भोट मागिरहेको छ ।

केपी ओली अझै राष्ट्रिय ढुकुटीबाट रकम खर्चेर हेलिकोप्टरमा चढी देशको पूर्व-पश्चिम देश दौडाहामा लागेका छन् । उनको चुनावी अभियान भनेकै विपक्षीको उछितो काढेर आफूलाई बडो ज्ञानी, स्वाभिमानी र राष्ट्रप्रेमी देखाउनु हो । ओली सरकारका शासनकालमा ७५ प्रतिशत साधारण खर्च र २५ प्रतिशत मात्र विकास खर्च थियो । विकास खर्च छुट्याइएकोमध्ये पनि भ्रष्टाचार र कमिसनमा ठूलै रकम खेर गयो । सार्वजनिक ऋण झन्डै दोब्बरले बढ्यो । ओलीले आफ्नो कार्यकालको तीन वर्षमा १८ पटक मन्त्रिपरिषद्मा हेरफेर गरे । काम चलाउ सरकारको नेतृत्व गर्दासमेत मन्त्री हेरफेर गरेर संविधान र लोकतन्त्रको गरिमा निमोठे । राजनीतिक प्रणाली नै ध्वस्त पारेर लोकतन्त्र धरापमा पारे ।

संविधानको त हुर्मतै लुटे । संसद्लाई गौण राखेर उनी सर्वेसर्वा भइरहे । निर्वाचन जितेर सरकारको नेतृत्व लिँदादेखि उनमा चुलिएको दम्भ कसैले रोक्न सकेन । लोकतान्त्रिक प्रक्रिया र प्रणाली मिच्दै शक्ति हातमा लिएर उनले गर्नु नगर्नु अनेक कुकर्म गरे । भागवण्डा मिलाउन मन्त्रालय संख्या बढाउने र भत्काउने खेलमा उनका क्रियाकलापले उग्र रुप नै लियो । भ्युटावरमा उनले अर्बौं रकम खन्याए । सार्वजनिक सम्पत्तिको दोहन र दुरुपयोग गर्ने कार्यले सीमा नै नाघ्यो । उनको शासनकालमा हतियार, पैसा र शक्तिका आडमा दिन दुगुना रात चौगुना अनेकौं आर्थिक अनियमितता र भ्रष्टाचार काण्ड पटक-पटक दोहोरिइरहे । कम्युनिस्टहरुको आलिसान महल अनि सयल र विलासीपूर्ण जीवनशैलीले चुसेको देशले काँचुली फेरोस् कसरी ?

कम्युनिस्टको शासनकालमा अत्यधिक बढेको भ्रष्टाचार, अनियमितता र कुशासनले मुलुकले धान्नै नसक्ने गरी आर्थिक संकट निम्तिदै छ । नेपालले श्रीलंकाको जस्तै आर्थिक संकटको बाटो लिनेमा चिन्ता बढेको छ । अर्थतन्त्रको वास्तविक चित्र डरलाग्दो बनिसक्दा अर्थमन्त्री किन मौन छन् ? अर्को सक्षम अर्थमन्त्री किन नियुक्त गरिएन ? ऋणमा डुबेको देशले तीन तहका जनप्रतिनिधि र नेता-नेतृहरुलाई तलबका साथै भत्ता र पेट्रोलियम पदार्थसहितको अन्य अनगिन्ती सेवा-सुविधा किन दिने ?

स्थानीय तहको निर्वाचनमार्फत गाउँ-गाउँमा सिंहदरबार पुग्यो र सँगै जुका पनि । स्थानीय सरकार पाल्न जनताले दोहोरो-तेहरो करसँगै अचाक्ली महँगी खेप्नुपर्यो । तिनका व्यक्तिगत स्वार्थ, इगो र लुछाचुँडीले जनताको शान्ति सुरक्षा र सुख सबै खोसियो । कम्युनिस्टले चुसेको देशको छोक्रासम्म जनताको भागमा परेन । वास्तवमा विश्वले कम्युनिस्ट लखेटेको त्यसै होइन रहेछ । आफूलाई कम्युनिस्ट भन्ने नेता-नेतृको धनदौलत, ऐस-आराम र विलासी जीवनले कम्युनिस्ट सिद्धान्तको खिल्ली उडाएको छ । दल र नेता-नेतृहरुको आर्थिक पारदर्शिताबारे बेला-बेलामा समाचार बाहिरिए पनि तिनलाई कठालो समाउने कानुन नेपालमा क्रियाशील छैन । त्यसैले अब मुलुकको हितमा आर्थिक नीति बनाउने, भ्रष्टाचार र अनियमितता निर्मूल गरी देशको अर्थतन्त्र सुधार्ने राजनीतिक नेतृत्व छान्न स्थानीय तहदेखि नै मतदाताहरुलाई दबाब बढेको छ ।

आयातमुखी अर्थतन्त्रले देशको अर्थतन्त्र धराशायी बन्दै छ । अब कांग्रेसले व्यापार घाटालाई सन्तुलनमा ल्याउन औद्योगिक उत्पादन, जलविद्युत् उत्पादन, कृषिउपज उत्पादन र बजारको पहुँच विस्तारमा पाइला अघि बढाउनुपर्छ । कृषिउपज कमजोर भएपछि अर्थतन्त्र कसरी मजबुत हुन्छ त ? देशले वैदेशिक मुद्रा कमाउने मुख्य स्रोत भनेको व्यापार नै हो तर हामी सामान निर्यात गर्ने होइन आयातमात्र गर्छौं भने यो डरलाग्दो व्यापार घाटाले देश डुबाउने निश्चित छ । पेट्रोलियम पदार्थको आयात घटाउन विद्युतीय चुलो, बस र अन्य क्षेत्रमा यसको बढी उपयोग गर्नुपर्छ । अनावश्यक विलासी वस्तु र सेवाको अयातलाई कम गर्न सकिन्छ । जनतालाई मात्र कटौती नगरी नेताहरुबाटै यसको शुरुवात हुनुपर्छ । भ्रष्टाचार निर्मूल पार्न भ्रष्टाचार प्रमाणित भए भ्रष्टाचारीलाई कडा सजाय दिनुपर्छ । सुशासन कायम गरेर ऋण घटाई अनुदान बढाउनुपर्छ ।

सुशासन, मितव्ययिता, रोजगारी वृद्धि, लगानी मैत्री नीति, उत्पादन वृद्धि, निर्यात प्रवर्द्धनजस्ता परिणाममुखी काम गरी व्यापार घाटा घटाउन सरकार सक्रिय भई परिणाममुखी काम तत्काल थाल्नुपर्छ । विलासिताका सामग्रीको आयात रोकेर स्वदेशी उत्पादनलाई प्रोत्साहित गर्नुपर्छ । पेट्रोलियम पदार्थको प्रयोगमा सरकारी निकायलाई पनि लगाम लगाउने नीति सरकारले अवलम्बन गर्नुपर्छ । स्थानीय तहदेखि प्रदेश सरकार हुँदै प्रधानमन्त्री, राष्ट्रपति कार्यालयसम्म राष्ट्रिय ढुकुटीबाटै आयात गरिने विलासी वस्तुको प्रयोगमा पूर्णत: रोक लगाउनुपर्छ ।

विदेशी मुद्रा सञ्चिति घटेको भन्दै गाडी र विलासी वस्तुको आयातमा रोक लगाउने राष्ट्रबैंकको निर्देशनले कम्युनिस्ट नेतृत्वको सरकारले देश चुसेर खोक्रो पारेको बुझ्न सकिन्छ । पेट्रोलियम पदार्थको आयात घटाई देशको बिजुलीको भरपूर उपयोग गर्न नागरिकलाई सस्तो र सुलभ गराउनुपर्छ । यसका लागि अब नेता-नेतृले देश-विदेशमा थुपारेका अकूत सम्पत्तिको राष्ट्रियकरण गरी उत्पादन र रोजगारमूलक क्षेत्रमा लगानी गर्नुपर्छ । कांग्रेस सरकारको राष्ट्रहितका यी अनगिन्ती कदमबाट चुनावी अभियान सार्थक बन्नेछ ।

-साभार: नेपाल समाचारपत्र

# बंगलादेशबाट हामीले के सिक्ने ?



भीम घिमिरे

औद्योगिकीकरण गर्न, व्यापार घाटा घटाउन, मुलुकलाई आत्मनिर्भर बनाउन बंगलादेशको औद्योगिक र आर्थिक नीतिहरू अवलम्बन गर्ने हो भने धेरै राम्रो हुने देखियो । दक्ष जनशक्ति उत्पादन गर्न, निर्यात गर्न नेपालले पनि धेरै कुरा बंगलादेशबाट सिक्न सक्छ ।

दक्षिण एसियामा अहिले दुई वटा मुलुक आर्थिक अवस्थाका दृष्टिले दुई ध्रुवका उदाहरण बनेका छन् । श्रीलंका आर्थिक संकटको उदाहरणका रूपमा चित्रण भइरहँदा बंगलादेश भने आर्थिक उन्नतिको उदाहरण बनेको छ । गत मंसिरमा नेपाल उद्योग परिसंघको टोली बंगलादेश भ्रमणमा गएकोथियो । उक्त भ्रमणको अवसरमा नेपाली उद्योगीहरूले बंगलादेश छोटो समयमै औद्योगिकीकरणमा जानुको कारण र सरकारले व्यवस्था गरेका नीतिगत व्यवस्थाबारे अध्ययन गर्ने मौका पाए ।

नेपालका उद्योगीहरूले त्यहाँको उद्योगको अवस्था, श्रम समस्याको विषय, लगानीमैत्री वातावरण, कर प्रणालीलगायतको विषयमा बुझेका थिए । भ्रमण टोलीमा उद्योग परिसंघ प्रदेश १ का अध्यक्ष भीम घिमिरे पनि सहभागी थिए । उनै घिमिरेसँग हामीले त्यस अवसरमा देखेका र बुझेका अनुभवबारे कुराकानी गरेका छौं । प्रस्तुत छ- बंगलादेशको अर्थतन्त्र, औद्योगिक विकास लगायतका विषयमा घिमिरेले व्यक्त गरेको धारणाको सम्पादित अंश-

हामी केही महिना अगाडि उद्योग परिसंघका केन्द्रीय अध्यक्षसमेतको सहभागितामा बंगलादेश गएका थियौं । ५० वर्ष अगाडि अस्तित्वमा आएको मुलुक लथालिङ्ग होलाजस्तो लागेको थियो । तर, त्यहाँ पुग्दा फरक पाइयो । बंगलादेशले कसरी चाँडै आर्थिक फड्को मार्‍यो भन्ने विषयमा राम्रोसँग बुझ्ने अवसर पायौं । त्यहाँ लगानीमैत्री वातावरण, कानुन पनि लगानीमैत्री रहेको पायौं । त्यसका साथै उद्योगपतिहरूको प्रतिष्ठा, उनीहरूलाई हेर्ने दृष्टिकोण, उद्योगीहरूको सुझाव सरकारले ग्रहण गर्ने तरिका हामीले नेपालको तुलनामा फरक पायौं । मन्त्रीहरूसँग हामीले बैठक गर्‍यौं । उद्योगमन्त्री, ऊर्जामन्त्री, विभिन्न मन्त्रालयका सचिवहरूसँग बैठक भयो । त्यो बैठकमा उनीहरूको प्रस्तुति, उद्योगीहरूलाई उनीहरूले दिएको सुविधा, औद्योगिक कानुन, आर्थिक कानुन, करसम्बन्धी कानुन, शान्ति सुरक्षा, बन्द हडताल गर्न नपाइने जस्ता कुराहरू एकदमै कडा रहेछ ।

उनीहरूको भनाइ अनुसार संसद्मा पनि ३५ प्रतिशत निजी क्षेत्रका लागि आरक्षण गरिएको रहेछ । जब त्यो ३५ प्रतिशत मानिस संसद्मा गएर काम गर्न थाले, त्यसपछि औद्योगिक नियम, आर्थिक नियम, आयात निर्यातको नियमहरू, स्वदेशी उत्पादनलाई निर्यात गर्ने कुरा, बन्द हडताल र श्रम ऐनदेखि सारा कुरामा परिवर्तन ल्याए । जसका कारणले अहिले त्यहाँ कुनै पनि उद्योगमा बन्द हडताल गर्न पाइँदैन । बन्द हडताल भएमा तत्काल 'एक्सन' लिने रहेछ । उद्योगभित्र 'नो वर्क, नो पे', 'नो स्ट्राइक' छ । ७/१० हजार मजदुर भएका उद्योगमा हामी गयौं । २ सय बिगाहाको उद्योग रहेछ । त्यहाँ १० हजार मजदुर छन् । त्यहाँ राम्रो काम भएको छ । मजदुरले खैनी खाँदैनन्, चुरोट खाँदैनन्, एकले अर्कोसँग कुरा गर्दैनन्, ड्युटीमा कस्तो राम्रो अनुशासन छ । हामी त्यो हेर्दा छक्कै पर्‍यौं ।

त्यहाँ मजदुरले आन्दोलन किन गर्दैनन् भने कानुनमै न्यूनतम श्रमको मूल्य दिने बाध्यकारी व्यवस्था रहेछ र बिदा यति दिनुपर्ने, सामाजिक सुरक्षाको व्यवस्था गर्नुपर्ने लगायतका कुरा सम्बोधन गरिएको रहेछ । त्यसपछि पनि बन्द हडताल गरे सेक्युरिटीले ठाउँको ठाउँ एक्सन लिँदो रहेछ । हत्कडी लगाएर थुन्ने वा अत्यधिक आन्दोलन भए गोली हान्ने अधिकार पनि सुरक्षाकर्मीलाई रहेछ । बंगलादेश स्वतन्त्र भएको ५० वर्ष भयो । त्यहाँ विगत ४/५ वर्षदेखि उद्योगमा बन्द हडताल भएको रहेनछ । अर्को भनेको बंगलादेशमा ऊर्जा उत्पादनका लागि जलस्रोत छैन । त्यहाँ सोलार र तेलबाट मात्रै ऊर्जा उत्पादन भएको छ । नेपालको विद्युत् ऊर्जा नदीनालाबाट उत्पादन हुने कुरामा उनीहरू अत्यन्तै उत्साहित थिए । त्यहाँका मन्त्री, सचिव पनि नेपालमा लगानी गर्न इच्छुक थिए । ऊर्जा खरिद गर्न पनि इच्छुक थिए । त्यसबेला हाम्रो सरकारले पनि बिजुली बेचौं-बेचौं भनिरहेको थियो ।

अनि हामीले पनि कुरा गर्दा ५ सय मेगावाट बिजुली दिनसक्ने भन्ने सम्झौता पनि भएको थियो । तर, भारतको बाटोबाट प्रसारण लाइन जानुपर्ने अवस्थामा भारतले बाटो दिएको रहेनछ । त्यहाँको ऊर्जामन्त्रीले नेपाल, भारत र बंगलादेशको संयुक्त मन्त्री र सचिवस्तरीय बैठक बोलाएर कूटनीतिक पहल गरेर बाटोको लागि पहल गर्ने कुरा पनि भएको थियो । ऊर्जाको बजार बंगलादेश रहेछ भन्ने देखियो ।

अर्को, उद्योग अवलोकन गर्दा एकदम उत्साहित हुने खालको थियो । बन्द हडताल छैन, ट्रेड युनियन छैन । उनीहरूको अधिकार पनि उद्योगपतिले दिएको छ । त्यसकारण टार्गेट अनुसारको उत्पादन भयो । 'कस्ट अफ प्रोडक्सन' घट्ने भयो । त्यसकारण वस्तुको मूल्य पनि कम भयो । त्यो पनि त्यहाँ राम्रोसँग देखियो । त्यस्तै, अहिले ४ वर्षदेखि गार्मेन्ट उद्योगमा बंगलादेश विश्वमै दोस्रो प्रमुख मुलुक बनेको छ । उसले निर्यात गर्ने गार्मेन्ट उद्योगबाट उत्पादित वस्तुले विश्वबजारमा चीनपछि दोस्रो स्थान जमाउन सकेको छ । जसका कारण उद्योगमैत्री वातावरण नै हो । जसको परिणाम बंगलादेश विश्वको दोस्रो गार्मेन्ट वस्तु निर्यात गर्ने मुलुक भयो ।


त्यहाँ अहिले करको पनि राम्रो व्यवस्था छ । रिमोट एरियामा सरकारले जग्गा पनि सस्तोमा लिजमा दिने, जति बढी रोजगारी सिर्जना गर्छ उद्योगलाई त्यति बढी राज्यले करमा छुट दिने, अरु-अरु रोयल्टीहरु छुट दिने, जसले बढी निर्यात गर्छ, विदेशी मुद्रा आर्जन गर्छ, व्यापार घाटा घटाउँछ, त्यस्ता उद्योगीलाई पनि राज्यले विशेष सहयोग गरेको देखियो । औद्योगिकीकरण गर्न, व्यापार घाटा घटाउन, मुलुकलाई आत्मनिर्भर बनाउन बंगलादेशको औद्योगिक र आर्थिक नीतिहरू अवलम्बन गर्ने हो भने धेरै राम्रो हुने देखियो । त्यहाँको प्रविधि, त्यहाँको टेक्नोजोली नेपालमा भित्र्याएर गर्न सकियो भने त्यसले पनि नेपालको स्तरोन्नति हुन्छ । दक्ष जनशक्ति उत्पादन गर्न, निर्यात गर्न नेपालले पनि धेरै कुरा बंगलादेशबाट सिक्न सक्छ । बंगलादेशको मुख्य निर्यात गर्ने वस्तु गार्मेन्ट उत्पादन, माछा र तरकारी हो । जसमध्ये अहिले नेपालमा गार्मेन्टका वस्तु र माछा आयात हुन्छ । पहिले नेपालले गार्मेन्ट उत्पादन अमेरिका, बंगलादेश पठाउँथ्यो । अहिले त्यहाँबाट यता आइरहेको छ ।

बंगलादेशको आर्थिक अवस्था सुधार्न ब्यूरोक्र्याट्सको पनि भूमिका छ । नेपालका कर्मचारीतन्त्रमा उद्योगीहरूले लुट्छन्, खान्छन् भन्ने कन्सेप्ट छ । तर, त्यहाँका सचिवहरूले उद्योगीहरूलाई एकदमै धेरै मान प्रतिष्ठा दिन्छन् । उनीहरूसँग गफ गर्ने, कुराकानी गर्ने तरिका, काउन्सिलिङ गर्ने तरिका एकदमै फरक छ । नेपालमा त्यस्तो छैन । नेपालमा कुशासनका तीन पक्ष राजनीतिक पार्टी, ब्यूरोक्रेट्स र निजी क्षेत्र नै जिम्मेवार हो । तर, त्यहाँका राजनीतिक पार्टीका नेता तथा मन्त्रीले उद्योगपतिलाई हेर्ने दृष्टिकोण र व्यवहार, कर्मचारीतन्त्रले हेर्ने तरिका पनि फरक देखियो । एकदम फ्रेन्ड्ली व्यवहार, रेस्पोन्स गरेर कुराकानी गर्ने, त्यहाँको उद्योग संगठनको प्रमुखले हामीलाई के भने भने सरकारको हरेक नीति निर्माणका क्रममा उद्योगीहरूले दिएको राय सल्लाह बडो महत्त्वको साथ राख्ने गर्छन् रे । त्यसले पनि त्यहाँ औद्योगीकरण गर्न मद्दत पुग्यो ।

मेडिकल हब पनि हो बंगलादेश । उनीहरू मेडिकल डाक्टरहरू उत्पादनमा पनि इच्छुक छन् । बंगलादेशीहरू नेपालमा मेडिकल पढाउन इच्छुक छन् । नेपाल र बंगलादेशको हावापानी, वातावरण मानिसहरूको खानपान र संस्कृति पनि मिल्दोजुल्दो रहेका कारण विद्यार्थीहरू यहाँ पढ्न आउन धेरै इच्छुक छन् । त्यहाँको टोलीले हामीलाई मेडिकल स्टुडेन्टहरु नेपालमा अध्ययनका लागि पठाउन पनि इच्छुक रहेको बताए । अर्को, त्यहाँको आर्थिक वृद्धिको विषयमा कपी गरेर यहाँ पनि त्यस्तै नीति ल्याएर औद्योगिकीकरणमैत्री, रोजगारी सिर्जना गर्ने, दक्ष उद्योगहरू स्थापना गर्ने, स्वदेशी कच्चा पदार्थहरू प्रयोग गरेर वस्तुको उत्पादन बढाउने र विदेश निर्यात गर्ने विषय हामीले त्यहाँबाट सिक्न सक्छौं ।

*भीम घिमिरे नेपाल उद्योग परिसंघ, प्रदेश १ का अध्यक्ष हुन् ।* - साभार : रातोपाटी

# ‘दगंल’को कलेक्सनलाई पछाडि छाड्ने दौडमा ‘केजीएफ २’



एजेन्सी/साउथ स्टार यश अभिनीत फिल्म ‘केजीएफ २’ले बक्सअफिसमा कमाईको रफ्तारलाई कम हुन दिएको छैन । विश्वभर आक्रामक कमाई गरिरहेको फिल्मले बलिउडका ‘ए लिस्टर’ फिल्मको कलेक्सनलाई समेत पछाडि पारेको छ । फिल्मले हिन्दी भर्सनमा प्रदर्शनको ५ दिनमा २ सय १९ करोड ५६ लाखको कमाई गरेको छ । फिल्मले पहिलो दिन मात्रै ५३ करोड कमाएको थियो ।

त्यस्तै, फिल्मले दोस्रो दिन हिन्दी भर्सनमा ४६ करोड ७९ लाख, तेस्रो दिन ४२ करोड ९० लाख, चौथो दिन ५० करोड ३५ लाख र पाँचौ दिन २५ करोड ५७ लाखको कमाई गरेको ट्रेन्ड एनालिस्ट तरण आदर्शले ट्विटरमार्फत् जानकारी गराएका छन् । ‘केजीएफ २’ले आमिर खानको सुपरहिट फिल्म ‘दगंल’को लाइफटाइम कलेक्सनलाई समेत केही दिनमा पछाडि पार्ने संकेत देखाएको छ । त्यस्तै, फिल्मले प्रदर्शनको पाँच दिनमा विश्वभरबाट ६ सय २५ करोड १२ लाखको कमाई गरेको साउथका ट्रेड एनालिस्ट मनोबाला विजयबालनले जानकारी दिएका छन् । उनका अनुसार, भारतमा सबैभन्दा ठूलो कमाई गर्ने फिल्मको ९ नम्बरको सूचिमा ‘केजीएफ २’ ले आफ्नो स्थान बनाएको छ । फिल्मले प्रदर्शनको ९/१० दिनमा विश्वभरबाट हजार करोड छाप्ने अनुमान गरिएको छ ।

प्रशान्त नीलद्वारा निर्देशित फिल्ममा सञ्जय दत्त, रवीना टन्डन, श्रीनिधि शेट्टी, प्रकाश राज र मालविका अविनाशको पनि अभिनय छ । फिल्म कन्नड, तेलुगु, हिन्दी, तमिल र मलयालम भाषामा रिलिज भएको ‘केजीएफ २’ले नेपालमा समेत बोरामा पैसा भरिरहेको छ । दर्शकहरुले फिल्मको एक्सन पार्टलाई विशेष मन पराएका छन् । यो फिल्मले यशको करिअरलाई थप उचाइँमा पुर्‍याएको छ ।

-साभार: फिल्मीखबर

# लिग संयोजक शर्माको राजीनामा अस्वीकृत

काठमाडौं/लिग संयोजकबाट विज्ञानराज शर्माले दिएको राजीनामालाई अखिल नेपाल फुटबल संघ (एन्फा) ले अस्वीकृत गरेको छ । ‘एन्फाको नर्वाचन घोषणा भइसकेका र ए, बी, सी मध्ये सी डिभिजन प्रतियोगिता गर्न बाँकी रहेकोले तपाईहरुको राजीनामा अस्वीकृति गरिएको जानकारी गराइन्छ,’ शर्माले दिएको राजीनामा पत्रमा अध्यक्ष कर्मा छिरिङ शेर्पाले महासचिवलाई सम्बोधन गर्दै लेखेका छन् ।

‘ए र बी डिभिजन मेरो नै संयोजकत्वमा भयो । सी डिभिजन गर्न बाँकी छ त्यसमा एन्फाले सञ्चालनका लागि आग्रह गर्दै राजीनामा अस्वीकृत गरेको छ, शर्माले भने,’ सी डिभिजन लिग सञ्चालनका लागि म तयार भएको हु । फुटबल गतिविधि नरोकियोस् भन्ने उद्देश्यका साथ जिम्मेवारीमा फर्कन तयार भएको हुँ ।’

नैतिकता र दोहोरो जिम्मेवारीका कारण पदमा बस्न उपयुक्त नभइरहेको भन्दै शर्माले फागुन २० गते पदबाट राजीनामा दिएका थिए । नेपाल सुपर लिग (एनएसएल) टोली काठमाडौं रेजर्सको निर्देशक समेत रहेका शर्माले एनएसएलको दोस्रो संस्करणका लागि अक्सन भएकै दिन राजीनमा गरेका थिए । अहिले तत्काल एनएसएल पनि नरहेको र फुटबल गतिविधि पनि जारी रहोस् भन्ने उद्देश्यले पुरानो जिम्मेवारीलाई निरन्तरता दिन तयार भएको उल्लेख गर्दै शर्माले थपे, ‘कामका दौरान कुनै कन्लिक अफ इन्ट्रेस्ट देखिने अवस्था आयो भने म रहन्न । हिजो एन्फा पदाधिकारीसँग बैठक पनि थियो । मैले आफ्नो कुरा उहाँहरुलाई प्रष्ट राखेको छु ।’

एन्फाले सी डिभिजन लिग वैशाख ९ गते देखि सञ्चालन गर्दैछ । चैत २९ गतेबाटै सी डिभिजन सुरु हुनुपर्ने भएपनि तयारी खर्च उपलब्ध नभएसम्म क्लबहरुले लिग नखेल्ने भनेपछि एन्फाले वैशाख ९ गतेका लागि लिग सारेको थियो । एन्फा निर्वाचन भने असार ९ गतेका लागि तय भएको छ ।

२०७५ वैशाखमा एन्फाको पछिल्लो निर्वाचित कार्यसमितिले शर्मालाई लिग संयोजकको जिम्मेवारी दिएको थियो । ‘लिग प्रतियोगिता जस्तो महत्वपूर्ण कमिटीमा रहि स्वच्छिक रुपले विगत केहि वर्ष देखि कार्य गर्दै आएको कुरा सर्वविदितै छ,’ शर्माले एन्फा अध्यक्षलाई दिएको राजीनामा पत्रमा भनेका थिए, ‘यसका साथ साथै विगतका वर्षको पहिलो र निकट भविष्यमा हुने गइरहेको दोस्रो संस्करणमा पनि काठमाडौं रेजर्स फुटबल क्लबमा आबद्ध भइ नेपाली फुटबललाई अझ वढि व्यवासायिक बनाउँदै एउटा उद्योगको रुपमा स्थापित गर्न क्रियाशिल पनि छु ।’ -साभार: हाम्रो खेलकुद

# काँग्रेसले छाड्यो पोखरा महानगरमा दाबी

काठमाडौं/नेपाली काँग्रेसले पोखरा महानगरपालिकामा पार्टीको दाबी छाडेको छ ।

सभापति शेरबहादुर देउवाले बालुवाटारमा गण्डकी प्रदेशबाट आएका नेताहरूसँगको छलफलपछि नेकपा एकीकृत समाजवादी पार्टीलाई नै पोखरा महानगर छाड्ने सहमति जुटेको हो ।

देउवासँग छलफलका लागि कास्कीका जिल्ला सभापति किशोरदत्त बराल, गण्डकी प्रदेशका सभापति शुक्रराज शर्मा र पूर्वमन्त्री कानुनमन्त्री यज्ञ थापा मंगलबार काठमाडौं आएका थिए । सो क्रममा उनीहरुले पोखराको समग्र अवस्थाका विषयमा सभापतिलाई ब्रिफिङ गरेका थिए । तर, देउवाले भागबण्डाका क्रममा समाजवादीलाई पोखरा दिनुपर्ने बाध्यता सुनाएपछि उनीहरु पोखरा छाड्न सहमत भएको बताइएको छ । जिल्ला सभापति बरालले सभापति देउवाले वर्तमान परिस्थितिको बाध्यता सुनाएपछि आफूहरु समाजवादीलाई नै महानगर छाड्ने बुझाइका साथ बालुवाटारबाट बाहिरिएको जानकारी दिए ।



अहिले महानगर र उपमहानगरको तालमेलको विषयमा अन्तिम निर्णय लिन बालुवाटारमा बैठक जारी छ । सोमबार नै भएको सहमतिअनुसार पोखराबाहेक अन्य महानगरमा भने तालमेलको सहमति जुटेको थियो । जसअनुसार वीरगन्ज जसपा तथा भरतपुर माओवादीलाई दिने सहमति भएको थियो । बाँकी ४ महानगर भने काँग्रेसले लिने समझदारी भएको थियो । मंगलबार सबै विषयमा अन्तिम रुप दिँदै महानगर तथा उपमहानगरको मेयर उपमेयरमा तालमेलबारे निर्णय लिइने बताइएको छ ।

-साभार: रातोपाटी

# सहारा एकेडेमीलाई एनआरएनएको सहयोग





पोखरा/सहारा क्लब पोखराद्वारा संचालित सूर्यबहादुर केसी स्मृति सहारा एकेडेमीलाई गैर आवासिय नेपाली संघ (एनआरएनए) ले १ लाख रुपैयाँ बराबर स्वास्थ्य सुरक्षा सामग्री सहयोग गरिएको छ ।

पोखरा-१७, दोबिल्लास्थित एकेडेमीमा एनआरएनए अध्यक्ष रविना थापा, सचिव टीका गुरुङ, सहकोषाध्यक्ष अमृता थापा र पूर्व कोषाध्यक्ष प्रकाश पुनले ९ हजार थान मास्क र ५० थान कोभिड किट्स गरी झण्डै १ लाख रुपैयाँ बराबरको सहयोग हस्तान्तरण गरेका हुन् । सहारा क्लब हङकङका पूर्व सल्लाहकार समेत रहेका टीका गुरुङबाट यसअघि पनि क्लबमा निरन्तर सहयोग गर्दै आएको छ । सहारा क्लब पोखराका अध्यक्ष हरिराम गुरुङ ‘सुरज’को अध्यक्षतामा भएको कार्यक्रमको संचालन सुनिल रानामगरले गरेका थिए ।

फुटबलमार्फत सामाजिक सेवामा अग्रसर मोफसलको प्रतिष्ठित क्लब सहारा क्लब पोखराद्वारा संचालित एकेडेमीमा हाल कठिन परिस्थिति एवं विपन्न वर्गका बालक गरी २६ जना आश्रित छन् । सहारा पोखरामा आयोजना हुने आहा रारा गोल्डकपको आयोजक हो ।


-साभार: हाम्रो खेलकुद

# बगैँचामा स्याउ फुलेर सेताम्मे

मनाङ/हिमाली जिल्ला मनाङको वातावरण यतिबेला अति नै रमणीय देखिन्छ । जिल्लैभरि रहेका बगैँचामा स्याउका बोट फुलेर सेताम्मे भएपछि यहाँको वातावरण रोमाञ्चक देखिएको हो ।

मनाङ स्वादिलो स्याउ पाइने जिल्लाका रुपमा चिनिन्छ । त्यो स्वादिलो स्याउ फल्ने बोटका बगैँचाहरुमा फूल फुलेर अहिले सेताम्य भएको छ । चैत वैशाखमा स्याउ फुल्ने र असोज कात्तिकमा पाक्ने गर्छ । इटली र सर्बियाबाट स्याउका बिरुवा ल्याएर यहाँ रोपेको हो । स्याउका बिरुवा ल्याएर रोपेपछि सुरु भएको स्याउ खेती आजसम्म जिल्लाभरि फैलिएको छ । यहाँ चार स्थानीय तहमध्ये नार्पाभूमिबाहेक चामे, नाँसो र मनाङ ङिस्याङ गाउँपालिकामा स्याउ खेती हुँदै आएको छ ।

अहिले मनाङमा तीन जातका स्याउ फल्ने गरेको कृषि विज्ञहरुको भनाइ छ । यहाँ गोल्डेन डेलिसेस, इटालिएन फुजी र गाला जातका स्याउ फल्ने गरेका छन् भने केही स्थानमा रैथाने र विकासे स्याउ पनि फल्न गरेका छन् । मनाङको स्याउले काठमाडौं, पोखरा, लमजुङलगायत देशका ठूला सहरमा पनि निकै आकर्षक बजार लिएको छ । पछिल्लो समय जिल्लाबाहिर स्याउको माग पनि बढ्दै गएको छ भने मनाङे स्याउ पाए भने मन नपराउने भने कोही नेपाली छैनन् । पछिल्ला दिनहरुमा सडक सञ्जालसँग मनाङ जिल्ला जोडिएपछि स्याउ ढुवानीमा सहजता भएको किसानको भनाइ छ ।



जिल्ला डुम्रे-बेँसीसहर-चामे सडकखण्ड जोडिएपछि यहाँका किसान स्याउ खेतीतर्फ आकर्षित भएका छन् । आफूले फलाएको स्याउले सजिलै बजार पाउने र निर्यात हुने भएपछि किसान उत्साहित भएका हुन् । उनीहरु भन्छन्, ‘गर्नसक्यो भने मनाङको स्याउको इज्जत नै अर्कैछ, तर ठूला शहर बजार टाढै छन्, त्यसले गर्दा मुख्य समस्या ढुवानीमै छ ।’

वर्षदिनमै उत्पादन दिने र राम्रो बजार पाइन थालेपछि स्थानीय बासिन्दा इटालियन स्याउतर्फ आकर्षित भएका हुन् । एग्रो मनाङले ७३५ रोपनी जग्गामा स्याउखेती गरेको छ । एग्रोले ६ वर्षअगाडि इटली र सर्भियाबाट स्याउका बिरुवा ल्याएर रोपेको हो । स्याउखेती गर्दै आएका एग्रो मनाङका समराज गुरुङले राम्रो उत्पादन भइरहेको बताए । यो मनाङको हावापानी सुहाउँदो स्याउ भएको उनको भनाइ छ । स्याउ फर्ममा गाला, गोल्डेन र फुजी जातका स्याउ लगाइएको छ । ‘हरेक वर्ष स्याउको उत्पादन वृद्धि भइरहेको छ भने बिक्री वितरण गर्ने दर पनि वृद्धि भएको छ । राज्यले स्याउ खेतीलाई प्राथमिकता दिएको र यहाँका किसानले पनि मेहनत गर्ने भएकाले हरेक वर्ष मनाङमा स्याउ उत्पादन बढ्दै गएको छ’, उनले भने ।

स्याउलाई स्टोर गर्न भ्राताङ, बेँसीसहर र काठमाडौंमा शीतभण्डार बनाएको छ । एग्रो मनाङले समुद्री सतहदेखि दुई हजार नौ सय मिटर उचाइको भ्राताङमा ‘हाइडेन्सिटी’ प्रविधिमार्फत स्याउ फलाएको हो । -साभार: रातोपाटी

# ‘महिलालाई जनताले पत्याउँछन्, दलले होइन’

बागलुङ/आसन्न स्थानीय तह चुनावमा नेपाली कांग्रेसबाट गलकोट नगर प्रमुखका १४ आकांक्षीमा तीन महिला छन् । तीमध्ये अहिलेकी उपप्रमुख रेणुका काउचा पनि एक हुन् । उनले प्रमुखमा चाहनामात्र गरेको नभई आफू सशक्त दाबेदार भएको सुनाइन् ।

‘उपप्रमुखका रूपमा पाँच वर्ष काम गरियो, धेरै कुरा सिकियो, अब प्रमुख भएर नगर हाँक्ने दृढता मसँग छ’, उनले भनिन्, ‘पार्टीले त हामी महिलालाई झट्टै पत्याउन गाह्रो छ, तर जनताको विश्वास हामीप्रति छ ।’ काउचाले वि.सं २०७४ को स्थानीय तह चुनावमा महिला उम्मेदवारले लोकप्रिय मत लिएर जितेको स्मरण गरिन् ।

उनले पनि प्रमुखको तुलनामा २८४ बढी मत लिएर गलकोटको उपप्रमुखमा विजयी बनेकी थिइन् । अबको चुनावमार्फत् नगर प्रमुख बनेर गलकोटको नेतृत्व गर्ने काउचाको अठोटमा जति दम छ त्यत्तिकै जटिल र असहज छ उम्मेदवार बन्ने बाटो । योग्य हुँदाहुँदै पनि टिकट बाँडफाँटमा पछि परिने हो कि भन्ने संशयमा उनी छिन् ।

‘पार्टीमा आफ्नो दाबी दह्रोसँग राखिरहेकी छु, कार्यकर्ता र मतदाताको मन जित्छु भन्ने आत्मविश्वास छ’, काउचाले भनिन्, ‘ऐन, नियम केही नहुँदा पनि कर्मचारीका भरमा त काम गरियो, अहिले त जग बसेको छ, संरचना तयार छ, त्यसमै टेकेर नगरपालिका हाँक्न सकिन्छ ।’ उनले उपप्रमुख भएर काम गर्दा पनि अधिकारविहीन हुनुनपरेको बताइन् । कानुनी प्रबन्धबाटै प्रमुख र उपप्रमुखको काम, कर्तव्य नै तोकिएपछि जिम्मेवारी बहनमा पछाडि परेको अनुभव कहिल्यै नभएको उनको भनाइ छ । ‘कपितय ठाउँमा प्रमुख र उपप्रमुखबीच तालमेल नहुँदा विवाद पनि देखिए तर हामीले त्यस्तो हुन दिएनौं’, काउचाले भनिन्, ‘जनता र सेवाग्राहीलाई केन्द्रमा राखेर काम गर्‍यौं ।’

काउचालाई झैं ताराखोला गाउँपालिकाकी उपाध्यक्ष दिलकुमारी पुनलाई पनि अध्यक्ष भएर गाउँपालिका चलाउने आँट र इच्छा थियो । तर अध्यक्ष पदको आकांक्षीमा पुरूष अनुहार नै हाबी भएपछि उनी पुन: एकपटकलाई उपाध्यक्षमै दोहोरिने मनस्थितिमा पुगेकी छन् ।

‘जिम्मेवारी पाए नेतृत्व गर्न नसक्ने भन्ने त होइन, तर पार्टीको कुरालाई पनि मान्नै पर्नेरहेछ’, पुनले भनिन्, ‘महिलाले सक्दैनन् भन्ने पुरानो र पुरूषवादी सोच अझै हटेको छैन, समाजले पनि महिलालाई झट्टै अघि सार्न चाहँदैन ।’ स्थानीय तहको उपप्रमुख या उपाध्यक्ष हुनुलाई पनि महत्वपूर्ण उपलब्धि मान्नुपर्ने उनको बुझाइ छ । न्यायिक, राजस्व परामर्श, अनुगमन समिति, सामाजिक विकास, बजेट निर्माणलगायत क्षेत्रमा उपाध्यक्षको नेतृत्वदायी भूमिका हुने पुनले बताइन् ।

नेकपा (माओवादी केन्द्र) बाट चुनाव लडेर उपाध्यक्ष बनेकी उनले असक्षम भएर या नचाहेर अध्यक्षको उम्मेदवार बन्ने दौडमा नलागेको नभई पार्टीको आन्तरिक परिस्थिति मिलाउन सहयोग गरेको रूपमा बुझ्नुपर्ने बताइन् । महिला उपप्रमुख भएको अर्को नगरपालिका हो ढोरपाटन । त्यहाँ नेकपा (एमाले) बाट करमती पुनमगरले विसं २०७४ को स्थानीय तह चुनावमा उपप्रमुख पद जितेकी थिइन् । यसपालिको चुनावमा पुनमगर प्रमुखको उम्मेदवार बन्ने बाटो अब करिब बन्द भइसकेको छ । पार्टीले अहिलेका नगरप्रमुख देवकुमार नेपालीलाई नै पुन: उम्मेदवार बनाउने सर्वसम्मत निर्णय गरिसकेको छ । पुनमगरलाई उपप्रमुख भएर काम गर्दाका अनुभव र आगामी चुनावमा उम्मेदवार बन्ने/नबन्ने विषयमा सोध्दा कुनै प्रतिक्रिया दिन चाहिनन् । यीबाहेक बरेङ, निसीखोला र तमानखोला गाउँपालिकामा पनि महिला उपाध्यक्ष छन् । ती गाउँपालिकामा पनि अहिले भएका महिला उपाध्यक्षले नै अध्यक्ष पदको टिकट पाउने कुनै सम्भावना छैन ।

विभिन्न दलबीच गठबन्धन गरेर चुनाव लड्ने तयारीले त झन् यो चुनावमा प्रमुख पदमा महिलाको नेतृत्व खुम्चने देखिएको छ । गत स्थानीय चुनावमा पनि दलहरूबीच गठबन्धन हुँदा महिला नेतृत्वमा आउनबाट बञ्चित भएका थिए । यहाँका बाँकी चार स्थानीय तहमा पुरूष उम्मेदवार नै उपप्रमुख र उपाध्यक्षमा निर्वाचित भएका थिए ।

राजनीतिमा महिला सहभागिता सुनिश्चित गर्न संवैधानिक रूपमै स्थानीय तहको प्रमुख या उपप्रमुखमा महिला हुनुपर्ने व्यवस्था भए पनि दलहरूबाटै त्यसको उल्लंघन हुँदै आएको छ । बाध्य भएर एउटा पद महिलालाई दिनुपरेका अवस्थामा पनि उपप्रमुख पदमा उम्मेदवार बनाउने गरिएको छ ।

गठबन्धनका नाममा महिलालाई मुख्य पदमा आउनबाट रोक्न नहुनेमा यहाँका राजनीतिक दलका महिला संगठनले पनि ध्यानाकर्षण गराएका छन् । -साभार: सेतोपाटी

# समलिंगी पिरती र लिभिङ टुगेदर

काठमाडौं/समलिंगी सम्बन्धलाई अझै पनि समाजले सहर्ष स्वीकार गरिसकेको छैन । समान लिंगबीच हुने शारीरिक आकर्षण, भावनात्मक निकटता र दाम्पत्य सम्बन्धमाथि दुनियाँले बक्रदृष्टि लगाउने गर्छ । त्यसैले समलिंगीहरु आफैलाई लुकाएर अनि खुम्च्याएर बस्न बाध्य छन् ।

आफ्नो सम्बन्धलाई स्थापित गर्नका लागि उनीहरुले घरभित्रै लड्नुपरेको छ । समाजसँग लड्नुपरेको छ । राज्यसँग लड्नुपरेको छ । यद्यपि यावत् प्रतिकूलतालाई छिचोल्दै उनीहरु आफ्नो मर्जीको जीवन बाँच्ने यत्नमा छन् । यो त्यस्तै प्रतिनिधि कथा हो । कथा सुरु गरौं, राजकुमारी चौधरी र कृति कुश्मीबाट । दुवै लिभिङ टुगेदरमा छिन् । ११ वर्ष बित्यो, उनीहरुले एउटै भान्सा र एउटै ओछ्यान साझेदार गरेको । राजकुमारी र कृति न अलग हुन सक्छन्, न आफ्नो सम्बन्धलाई वैधानिकता दिन नै ।

जन्मिंदा राजकुमारी छोरी थिए । तर हुर्कंदै जाँदा उनको हाउभाउ, स्वभाव, बानीव्यवहार छोराको जस्तै हुन थाल्यो । जब आफू छोरी नभई छोरा हुँ भन्ने महसुस भयो, तब राजकुमारीले आफ्नो स्त्रीलिंगी नाम हटाएर ‘राज’ राखे । राजकै गाउँकी हुन्, कृति पनि । तर दुवैबीच खास चिनापर्ची थिएन । एसएलसी सकाएर कृति स्टाफ नर्स पढ्न महेन्द्रनगर गइन् । तर प्रवेश परीक्षामा उत्तीर्ण भइनन् । गाउँ फर्कंदा राजसँग उनको भेटघाट भयो । भेटघाट बाक्लिंदै जाँदा उनीहरुबीच अव्यक्त पिरती बस्यो । स्टाफ नर्स अध्ययनकै मेलोमेसो मिलाउन कृति धनगढी गइन् । कामको सिलसिलामा राज त्यहीं बस्थे । भौगोलिक निकटताले उनीहरुलाई अरु नजिक बनायो । दुवैले एकअर्कालाई खुलेर प्रेम गर्न थाले । आफूहरुको सम्बन्धलाई न उनीहरुले लुकाउन सके, न दबाउन नै । तर घरपरिवारले उनीहरुको सम्बन्धलाई सहज रुपमा लिन सकेन ।

आवरणमा दुवै महिला हुन् । ‘केटी-केटी यसरी बस्नु हुँदैन भनेर घरपरिवार, इष्टमित्रबाट दबाब आउँछ । तर उनीहरु भन्छन्, ‘हामी यसरी नै बस्दा खुसी छौं । हामीलाई आफ्नो जीवन खुसीसाथ बाँच्ने हक छैन र ?’ कृतिको परिवारले उनलाई अरु नै छोरा मान्छेसँग विवाह गराउन चाहन्छ । तर कृतिलाई परिवारको कुरा मञ्जुर छैन । उनी भन्छिन्, ‘११ वर्षसम्मको सम्बन्धलाई कहाँ त्यागन सकिन्छ ? हामीलाई कसले बुझिदिने ?’

अघोषित रुपमै उनीहरु एकअर्काका भइसकेका छन् । दुवैले घरजम गरेका छन् । धनगढीमा घर बनाएका छन् । तर चिनेजानेका, गाउँ-समाजले उनीहरुसँग सहर्ष व्यवहार गर्दैन । टर्रो बोलीव्यवहार गर्छन् । हेप्छन् । हियाउँछन् । ‘केटा नपाएर केटीसँगै बसेको छ’ भनेर गाउँलेहरु नाक खुच्याउँछन् । ‘हामी एकअर्काका भइसकेका छौं, एकसाथ बस्छौं, एकसाथ बाँच्छौं,’ कृति भन्छिन्, ‘तर हामीबीच दम्पतीकै सम्बन्ध रहेपनि नाता प्रमाणीकरण हुँदैन ।’ अर्का पात्र हुन्, धनगढीका आशिष राना र लक्ष्मी महत । उनीहरु लिभिङ टुगेदरमा बस्न थालेको चार वर्ष बित्यो । उनीहरु आफ्नो सम्बन्धलाई यत्तिमै बिट मार्न सक्दैनन् । न त, अगाडि बढाउन नै । यथास्थितिमै सम्बन्ध कहिलेसम्म कायम राख्ने ? उनीहरुसँग जवाफ छैन ।

लक्ष्मी पढ्ने विद्यालय नजिक आशिष एउटा पसलमा काम गर्थे । देखभेट भइरहँदा उनीहरुबीच भावनात्मक निकटता बढ्यो । दुवैले एकअर्कालाई रुचाए । र, भित्रभित्रै प्रेम गर्न थाले । उनीहरु लुकीछिपी भेट्थे, मायाका कुरा गर्थे । तर यसरी सधैं कहाँ धीत मर्छ र ? वर्षदिनपछि उनीहरु एकसाथ बस्ने निर्णयमा पुगे । आफूहरुको मन र भावना मिल्ने भएकाले एकसाथ बस्न सहज हुने उनीहरु बताउँछन् । ‘तर घरपरिवार अनि समाजले हामीलाई स्वीकार्दैन,’ आशिष भन्छन्, ‘सबैले हाम्रो सम्बन्धलाई सहज रुपमा लिने हो भने कति राम्रो हुन्थ्यो होला ।’

समाज भन्दा पनि परिवारले आफ्नो सम्बन्धलाई नबुझेको आशिष बताउँछन् । ‘कहिलेकाहीं काम विशेषले घर जाँदा दाइ-भाउजूले जिस्काउँछन् । नागरिकता पनि घरमै राखेका छन्,’ आशिष भन्छन्, ‘कतिपय ठाउँमा नागरिकता आवश्यक हुन्छ, तर परिवारले नागरिकता नै दिँदैन ।’

-साभार: अनलाईनखबर

# १९ वर्षीया किशोरी बलात्कृत



काठमाडौं/उदयपुरमा १९ वर्षीया किशोरी बलात्कृत भएकी छन् । किशोरीलाई बलात्कार गरेको आरोपमा प्रहरीले कटारी नगर पालिका-५ खोलटार बस्ने ४० वर्षीय सन्तोष जोशीलाई सोमबार पक्राउ गरेको छ । ती किशोरीलाई सन्तोषले बलात्कार गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

-साभार: रातोपाटी

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**Security Security Security**
**G15 Security SDNBHD Malayasia**

G15 Security — पूर्व स्वीकृति मिति : २०७८।१२।२९ चलानी नं. ६०/१७/७८/४७ LT No. 261585

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 50 | 00 | [illegible] | 1200 | 35000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने / नहुने र कसले व्यहोर्ने | हवाई टिक्ट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैंले | रु. ७००/- कामदार आफैंले | नि:शुल्क |

**फाइनल अन्तरवार्ता २०७९ वैशाख ९ गते शुक्रबार आइल्याण्ड जंगल रिसोर्ट चितवनमा कम्पनीका प्रतिनिधिद्वारा हुँदैछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाईनुहोला । बुझाएको रकमको अनिवार्य रुपमा भरपाई लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपालको कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन सूचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँ बानेश्वरमा सम्पर्क राख्नुहोला ।

श्रम इ. पत्र नं.: १०३९/०७३/०७४

**Sky of the World Manpower Pvt. Ltd**
Tilganga-9, Kathmandu, Phone :4491316, 980717870
**Chitwan Contact : 9855063454, 9806595102**
नोट : X-Army and र X-police लाई प्राथमिकता दिइनेछ ।

# हेटौँडामा नाम मात्रको प्रदेश निर्वाचन कार्यालय




हेटौंडा, ६ बैशाख/ संघीयता कार्यान्वयनका लागि सरकारी संयन्त्रहरू प्रदेशस्तरमा सञ्चालनका क्रममा हेटौँडामा स्थापना गरिएको प्रदेश निर्वाचन कार्यालय नाममामात्र सीमित भएको छ । 'प्रदेश निर्वाचन कार्यालय, बागमती प्रदेश हेटौँडा' नामकरण गरेर हेटौँडा-५ स्थित सानोपोखरामा चैत ०७७ मा निर्वाचन आयोगले स्थापना गरेको कार्यालय नाममा मात्र सीमित भएको हो ।

निर्वाचन आयोगले कार्यालय स्थापना गरेपनि प्रदेशलाई अधिकार प्रत्यायोजन र प्रदेशस्तरका रूपमा सांगठनिक संरचना निर्माण गरेको छैन । आफ्नै दुईतले भवनमा आयोगले ठूलो बोर्ड झुन्डाएको छ । तर, प्रदेशस्तरमा काम गर्ने कुनै संयन्त्र खडा गरेको छैन । प्रदेश कार्यालयका रूपमा स्थापना भएको एक वर्ष बितिसक्दा पनि कार्यालयले जिल्ला निर्वाचन कार्यालयसरह मकवानपुरमा मात्र केन्द्रित भएर काम गरिरहेको छ ।

कार्यालय प्रमुख लुम्बनाथ पोखरेलले प्रदेश कार्यालयको नाम दिइए पनि यहाँबाट मकवानपुर क्षेत्राधिकार रहेर मात्र काम हुने बताए । 'हालसम्म यो नाममात्रको प्रदेश कार्यालय हो । यहाँबाट मकवानपुरबाहेक प्रदेशका कुनैपनि जिल्लासँग सम्बन्धित काम हुँदैन,' उनले भने ।

पोखरेलका अनुसार जिल्लास्तरको हुँदा सात कर्मचारी रहेका कार्यालयमा हाल नौ कर्मचारी छन् । जिल्लास्तरको हुँदा शाखा अधिकृत कार्यालय प्रमुख थिए भने हाल उपसचिव कार्यालय प्रमुख छन् । एकजना कम्प्युटर अपरेटरको दरबन्दी थपिएको छ । राष्ट्रिय सभाको निर्वाचन प्रदेश कार्यालयले गराएको थियो । त्यसयता कार्यालयले प्रदेशस्तरको कुनै काम गरेको छैन । हेटौँडामा निर्वाचन तोकिएको र जनप्रतिनिधिले मात्र मत दिने हुँदा आयोगको निर्देशनअनुसार राष्ट्रिय सभाको निर्वाचन गरिएको पोखरेलले बताए ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेल हाललाई प्रदेश कार्यालयले आयोगको निर्देशनअनुसार समन्वय गरिरहेको बताए । अहिले आयोगलाई आवश्यक तथ्याङ्क र विवरणहरू बुझाउने काम गरिरहे पनि अन्य निकायको कार्यालयसरह अधिकार नदिइएको बताए । उनलेभने, 'आयोगलाई आवश्यक परेका तथ्याङ्क, विवरणलगायत निर्वाचनसँग सम्बन्धित कामहरू जिल्लालाई समन्वय गरेर आयोगलाई बुझाउने काम गर्दै आएको छ ।

बाँकी कस्ता-कस्ता अधिकार दिने वा कामको विस्तार कसरी बढाउनेबारे आयोगको निर्णयअनुसार हुनेछ । आयोगले हालसम्म प्रदेशस्तरका कार्यालयलाई अरू निकायको प्रदेशका कार्यालय सरह अधिकार दिएको छैन ।

आवश्यकताअनुसार आयोगले प्रक्रिया अघि बढाउने सवालमा मैले भन्न सक्दिनँ ।'

*-साभार: नयाँ पत्रिका*

# कैलाश र भीमफेदीमा समाजवादीका उम्मेदवार सिफारिस

साझाकुरा संवाददाता

हेटौंडा, ६ बैशाख/ नेकपा (एकीकृत समाजवादी)ले मकवानपुरको भीमफेदी र कैलाश गाउँपालिकाको उम्मेदवार तय गरेको छ । गाउँ कमिटीको बैठकले स्थानीय तह निर्वाचनका लागि उम्मेदवार तय गरेको हो ।

पार्टीले कैलाश गाउँपालिका अध्यक्षका लागि कालु ढकाल, टंक मुक्तान र कमल तितुङको नाम सिफारिस गरेको छ । यस्तै, उपाध्यक्षमा फूलमाया गोले र लालिमाया ब्लोनलाई सिफारिस गरेको छ । कैलाशका १० वटा वडामध्ये ५ वटा वडामा वडाध्यक्षका सफिारिस गरिएको छ ।

वडा नम्बर ५ मा सुन्दर तितुङ, ६ मा लिबहादुर घले, ८ मा राजेश लामा मुक्तान, ९ मा नरबहादुर घलानको सिफारिस भएको छ । १० नम्बर वडामा पनि समाजवादीको दाबी रहेको बताइएको छ । त्यस्तैगरि नेकपा (एकीकृत समाजवादी) भीमफेदीले स्थानीय तह निर्वाचनका लागि गाउँपालिका अध्यक्ष, उपाध्यक्षसहित ९ वडामा अध्यक्षको सिफारिस गरेको छ ।

पार्टीले अध्यक्षमा शिवहरि बर्तौला, उपाध्यक्षमा गोमा लामालाई सिफारिस गरेको हो । यस्तै, वडा अध्यक्षहरुमा १ मा सुनिल गोले र जीवन घलान, २ मा कर्णबहादुर पाख्रिन र कमल गोपाली, ३ मा गुणबहादुर पाख्रिन र सोम लामा, ४ मा समिर श्रेष्ठ र मन्दिरा चुनीमगर, ५ मा मानबहादुर भोलन र शुक्रबहादुर स्याङ्तानलाई सिफारिस गरेको छ ।

यस्तै, वडा नम्बर ६ विजय लामा र दिनेश पनेरु, ७ मा राजकुमार आचार्य र सञ्जय राना, ८ मा दीपक बस्नेत र अमृत कठायत तथा वडा नम्बर ९ मा अरुण बर्तौला र विनोद बर्तौलाको नाम सिफारिस भएको भीमफेदी इञ्चार्ज शिवहरि बर्तौलाले बताए ।

# हेटौँडा जर्नालिज्म अवार्ड हुने

साझाकुरा संवाददाता




हेटौंडा, ६ वैशाख/ हेटौँडामा तेस्रो तथा चौथो 'हेटौँडा जर्नालिज्म अवार्ड' हुने भएको छ । न्यू मिडिया एकेडेमी प्रालिले आगामी शनिबार अवार्डको आयोजना गरेको छ ।

न्यू मिडियाका अध्यक्ष मणिराज गौतमले मंगलबार पत्रकार सम्मेलन गर्दै अवार्डको तयारी पूरा भएको जानकारी दिएका छन् । अवार्डमा मकवानपुरका १३ जना पत्रकारलाई विद्यागतरुपमा अवार्ड दिइने छ । यसैगरी, सांगीतिक कार्यक्रमसहित सम्मान कार्यक्रम पनि रहेन अध्यक्ष गौतमले बताए । उनका अनुसार अवार्डमा राष्ट्रियदेखि स्थानीय कलाकारले मनोरञ्जन प्रदान गर्नेछन् । कोरोनाका कारण बितेको दुई वर्ष अवार्ड कार्यक्रम आयोजना हुन नसकेकोले आगामी १० वैशाखमा दुईवटै संस्करणलाई एकैपटक गर्न लागिएको बताए ।

कम्पनीले उत्कृष्ट पत्रकार वर्ष अवार्ड (पुरुष तथा महिला) खोज पत्रकारिता वर्ष अवार्ड, चलचित्र पत्रकारिता वर्ष अवार्ड, कार्यक्रम रेडियो पत्रकारिता वर्ष अवार्ड, सम्पादक वर्ष अवार्ड, खेलकुद पत्रकारिता वर्ष अवार्ड, उत्कृष्ट कला पत्रकारिता वर्ष अवार्ड, आर्थिक पत्रकारिता वर्ष अवार्ड, उत्कृष्ट नवप्रवेसी पत्रकारिता वर्ष अवार्ड (महिला तथा पुरुष), उत्कृष्ट अनलाइन पत्रकारिता वर्ष अवार्ड, उत्कृष्ट क्रियाशील पत्रकार वर्ष अवार्ड प्रदान गरिने अध्यक्ष गौतमले जानकारी दिए ।

२०७७ र २०७८ सालभित्रको कामका आधारमा अवार्ड मूल्याङ्कनका लागि ३ सदस्य जुरी सदस्य गठन गरिने जनाइएको छ । मकवानपुरमा पत्रकारितामा क्रियाशील पत्रकारहरुलाई उत्प्रेरणा र हौसला बढाउन अवार्ड आयोजना गरिएको कार्यक्रम संयोजक श्रीराम अर्जुनले बताए । कम्पनी अध्यक्ष गौतमले आगामी वर्ष अवार्डलाई राष्ट्रियस्तरको बनाउने घोषणा गरेका छन् । एकेडमीले २०७५ सालबाट मकवानपुरमै पहिलोपटक जर्नालिज्म अवार्ड प्रदान गर्दै आएको हो । पहिलो अवार्ड कार्यक्रम युएईमा गरिएको थियो भने दोस्रो हेटौँडामा नै भएको थियो । अवार्डमा ११ लाख रुपियाँ कूल खर्च हुने कम्पनीले जनाएको छ ।

# औद्योगिक आगलागी व्यवस्थापनसम्बन्धी अभ्यास

साझाकुरा संवाददाता



हेटौंडा, ६ वैशाख/ उद्योग तथा कलकारखानामा आगलागी हुँदा नियन्त्रण गर्ने तरिकाबारे मंगलबार हेटौँडामा अभ्यास गरिएको छ ।

हेटौंडा-९ औद्योगिक क्षेत्रभित्र औद्योगिक आगलागी व्यवस्थापन सम्बन्धी व्यावहारिक अभ्यास गरिएको हो । कपडा उद्योगको स्कुललाई एक नमूना कारखाना बनाई त्यसमा आगलागी हुदाँ कसरी जनधनको क्षतिबाट बच्न र बचाउन सकिन्छ भनेर सुरक्षाकर्मीहरुले अभ्यास गरेका थिए ।

आगलागी हुँदा संयमित भएर बच्न र बचाउन खेल्नुपर्ने भूमिकालाई सुरक्षाकर्मीले डेमो प्रस्तुत गरेका हुन् । जिल्ला विपद् व्यवस्थापनले आगलागी नियन्त्रण अभ्यास आयोजना गरेको थियो । कार्यक्रममा सशस्त्र प्रहरी गण १४ नम्बरका प्रहरी उपरीक्षक नेत्रबहादुर कार्कीले सहजीकरण गरेका थिए ।

पुरानो गोरखबहादुर गण सुपारेटार, जिल्ला प्रहरी कार्यालय, हेटौँडा उपमहानगरपालिका, नेपाल रेडक्रस सोसाइटी, उद्योग संघ मकवानपुरलगायतले कार्यक्रममा सहकार्य गरेका थिए ।

कार्यक्रममा हेटौंडाकी उपप्रमुख मिनाकुमारी लामा, प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, जिल्ला प्रहरी प्रमुख सुरेन्द्र बहादुर गुरुङ, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक पप्पु शर्मा, उद्योग संघका अध्यक्ष स्वागतराज प्याकुरेल लगायतको आतिथ्यता थियो ।

# अनुशासन समिति संयोजकमा दाहाल

साझाकुरा संवाददाता



हेटौंडा, ६ वैशाख/ नेपाली कांग्रेस मकवानपुरले प्रभात दाहालको नेतृत्वमा अनुशासन समिति गठन गरेको छ ।

मंगलबार पार्टी कार्यालयमा कार्यकर्ताहरुले तालाबन्दी गरेकै दिन अनुशासन समिति गठन भएको हो । कांग्रेस मकवानपुरको २० चैतमा बसेको जिल्ला कार्यसमितिको पहिलो बैठकको निर्णयअनुसार कार्यसम्पादन समितिको मंगलबार बसेको बैठकले संयोजकमा प्रभात दाहाल र रामबाबु बानियाँ र अर्जुन चौलागाईं सदस्य रहेको ३ सदस्यीय अनुशासन समिति गठन गरिएको जिल्ला सचिव भीमसेन महतले जानकारी दिएका छन् ।

कार्यसम्पादनको बैठकले कांग्रेस जिल्ला समितिको भवनमा विना जानकारी, मागदावी वा विमतीको विषय जिल्ला कार्यसमितिलाई नराखी गुण्डागर्दी शैलीमा लगाइएको तालाबन्दीको घोर आपत्तिसमेत गरेको छ । मंगलबार पार्टी कार्यालयमा नगर समितिको बैठक बसिरहेको बेला हेटौँडाको मेयर पद कांग्रेसले पाउनुपर्ने माग राख्दै कार्यकर्ताहरुले पार्टी कार्यालयमा तालाबन्दीसहित नाराबजी पनि गरेका थिए । नेपाल तरुण दल हेटौँडा नगर सभापति सुनिल गिरीको नेतृत्वमा रहेको टोलीले पार्टी कार्यालयमा ताला लगाएको हो । पार्टी कार्यालयमा लगाएको ताला करिब २ घण्टापछि जिल्ला सभापति बुद्ध लामाले खोलेका थिए । लामाले पार्टी कार्यालयमा तालाबन्दी गर्नेलाई हदैसम्मको कारबाही गर्ने चेतावनी दिएका छन् ।

# आठ महिनामा कृषि विकास निर्देशनालयको खर्च २० प्रतिशत मात्र

साझाकुरा संवाददाता



हेटौंडा, ६ वैशाख/ बागमती प्रदेशको कृषि तथा पशुपन्छी मन्त्रालयअन्तर्गत्को कृषि विकास निर्देशनालयले चालू आर्थिक वर्षको फागुनसम्म कूल २० प्रतिशत मात्र बजेट खर्च गरेको छ ।

निर्देशनालयले उपलब्ध गराएको विगत आठ महिनाको प्रगति विवरणअनुसार निर्देशनालयका लागि चालू आर्थिक वर्षमा ५० करोड ५८ लाख ४८ हजार रुपियाँ बजेट विनियोजन भएकामा हालसम्म १५ करोड ९२ लाख ३५ हजार रुपियाँ मात्र खर्च गरेको छ ।

निर्देशनालयका लागि मन्त्रालयले दोस्रो चौमासिकका लागि १५ करोड रुपियाँ बजेट उपलब्ध गराए पनि उक्त अवधिमा सात करोड रुपियाँ मात्र खर्च भएको निर्देशनालयका प्रमुख रवीन्द्रबहादुर प्रधानले जानकारी दिए ।

अर्कोतर्फ सो मन्त्रालयअन्तर्गत्को पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले चालू आर्थिक वर्षको आठ महिनामा ५१ प्रतिशत रकम खर्च गरेको छ । निर्देशनालयका प्रमुख मुगलप्रसाद साहका अनुसार मन्त्रालयले तीन करोड ९८ लाख रुपियाँ बजेट विनियोजन गरिएकामा दुई करोड तीन लाख रुपियाँ खर्च भएको बताइएको छ ।

पशुपालनमा लाग्ने रोग र त्यसको विकास तथा विभिन्न औजारलगायत अनुदानमा खर्च भएको उनको भनाइ छ । प्रयोगशालाका लागि उपकरण खरिदमा ढिलाइ र कर्मचारी कम भएको समस्याले काम गर्न समस्या भएको साहले बताए ।

उक्त विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. शरणबहादुर पाण्डेले निर्देशनालयहरूको वित्तीय प्रगति कमजोर रहेकाले यसको कामलाई तीव्रता दिनुपर्नेमा जोड दिए ।

प्रदेशका कृषि र भेटेरिनरी कार्यालय तथा मन्त्रालयबीच समन्वय गरी काम गर्न सकेमात्र उनले प्रगति हुने बताए । बागमती प्रदेशका विभिन्न स्थानमा देखिएको बर्डफ्लु रोगको नियन्त्रणमा जोड दिइएकोसमेत सचिव डा. पाण्डेले जानकारी दिए ।

## जैविक मलका फाइदाहरु

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु ब्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:
**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

## पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

**जय गणेश पार्टी प्यालेस प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

ADMISSIONS OPEN
FROM NURSERY TO GRADE IX
FOR ACADEMIC SESSION 2079
*for limited seats only*
Scholarship Test : 10 Baishakh 2079
APPLY ONLINE



*www.admission.hetaudaacademy.edu.np*
FOR MORE DETAILS
057-525548, 9847106642
HETAUDA ACADEMY
RESIDENTIAL SECONDARY SCHOOL
Sahid Smarak, Hetauda-11, Makawanpur, Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
Email: info@hetaudaacademy.edu.np

www.sajhakuranews.com
साझाकुरा
"तपाई, हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना